# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।०७ गते ।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

विशेष अदालतमा दर्ता भएको मुद्दा नं.०८१-CR-०११७ मा वादी नेपाल सरकार प्रतिवादी चन्द्र बहादुर अधिकारीसमेत भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षी राजमान तामाङले आयोगमा अनुसन्धान अधिकृत समक्ष गरेको बयान प्रतिकूल हुने गरी अदालतमा बकपत्र गरेको भन्नेसमेत बेहोराको प्राप्त निवेदन/उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा वादी नेपाल सरकार प्रतिवादी चन्द्र बहादुर अधिकारीसमेत भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा अनुसन्धानको क्रममा हिमाल तराई कन्सट्रक्सन प्रा.लि.का प्रोप्राइटर राजमान तामाङ्गलाई अनुसन्धान अधिकृतलाई सहयोग गरेको कारण भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्णरुपमा छुट दिई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजले विशेष अदालत, काठमाडौं समक्ष मिति २०८२।१२।०५ गते बकपत्र गर्दा आयोगमा अनुसन्धानको क्रममा गरेको बयान तथा मिसिल संलग्न प्रमाण बेहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको देखिंदा प्रतिवादी चन्द्र बहादुर अधिकारीले नेपाल बैङ्क लिमिटेडको सञ्चालक समितिको अध्यक्ष जस्तो जिम्मेवार पदमा बसेको अवस्थामा प्रतिवादी रमेश आचार्यसँगको मिलोमतो तथा योजनामा प्रतिवादी राजमान तामाङ्गलाई नेपाल बैंक लिमिटेडबाट ऋण मिलाईदिन सहजीकरण गर्न घुस/रिसवत बापत रू.५,००,०००।— माग गरी लिन दिन मञ्जुर भई उक्त रकम बराबरको चेक रकम प्रतिवादी रमेश आचार्यलाई सेवाग्राही/लाभकर्ता राजमान तामाङ्गबाट लिई लिन लगाई सकेकोमा उक्त रकम उल्लिखित चेक प्रतिवादी चन्द्र बहादुर अधिकारीको घर कोठाबाट बरामदसमेत भएको तथ्य स्थापित भएको देखिएकोले निज प्रतिवादी राजमान तामाङले आफूसमेतलाई गैरकानुनी लाभ प्राप्त गर्नको लागि प्रतिवादी चन्द्र बहादुर अधिकारी समेतलाई दिए दिन लगाएको कार्य कसूर (Act us Reus) पुष्टि भएको हुँदा निज प्रतिवादी राजमान तामाङलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) अन्तर्गतको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम बिगो रु.५००,०००।— (पाँच लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन, साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम घुस/रिसवत जफत/असूल हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने